**SHARADA** (A Peer-Reviewed Journal), [Vol. 1, No. 2, Whole No. 2, June 2026], ISSN: 3102-0658 (P)

# ‘लाहुरी भैँसी’ कथाको रचनाविधान

**अनिता आचार्य**

*उपप्राध्यापक, ने.सं.वि., जनक हजारी विद्यापीठ*

anitaacharya2044@gmail.com

https://orcid.org/0009-0006-7393-4260

https://doi.org/10.3126/srj.v1i2.99107

**सारसङ्क्षेप**

*रमेश विकलद्वारा रचित ‘लाहुरी भैँसी’ कथाको रचनाविधान पहिल्याउनु प्रस्तुत लेखको प्रमुख उद्देश्य रहेको छ। प्रस्तुत अनुसन्धानका लागि प्राथमिक स्रोतका रूपमा ‘लाहुरी भैँसी’ कथाबाट सोद्देश्यमूलक नमुना छनोट विधिद्वारा आवश्यक तथ्य सङ्कलन गरी गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी विश्लेषणात्मक पद्धतिद्वारा सामग्रीको विश्लेषण गरिएको छ। कथाको रूपविन्यास र संरचनालाई आधार मानी कथावस्तु, चरित्र, परिवेश, दृष्टिविन्दु, सारवस्तु, रुचिक्षेत्र, रीतिक्षेत्र र रूपविन्यासजस्ता शीर्षकहरूमा आधारित भई कथाको सूक्ष्म विश्लेषण गरिएको छ। प्रस्तुत लेखमा लुखुरेले घरमा भित्र्याएको अत्यन्त लायकको लाहुरी भैँसी सोही गाउँका सामन्त द्वारेबाले कुटिल चाल चली भैँसीमा खोट रहेको झुठो आरोप लगाई निम्नवर्गीय किसानलाई छलेर षडयन्त्रपूर्वक भैँसी आफ्नो बनाएको प्रसङ्गलाई केन्द्रमा राखी रचनाविधानका विविध तत्त्वका आधारमा विश्लेषण गरिएको छ। यस कथामा द्वारेबाको षडयन्त्र र लुखुरेको विवशतामार्फत् ग्रामीण नेपाली समाजको सामाजिक व्यवस्थाका साथै निम्न वर्गलाई माथि उठ्न नदिने स्वार्थी प्रवृत्तिको विरोध गरिएको छ। कथामा प्रयुक्त वर्णनात्मक तथा संवादात्मक शैली, पात्रानुकूल ग्रामीण भाषा र उखानटुक्काको प्रयोगले प्रस्तुत कृतिलाई सरल, सहज र संवेद्य बनाएको छ। लाहुरी भैँसीकै केन्द्रीयतामा रचिएको प्रस्तुत कथाले ग्रामीण नेपाली समाजको वर्गीय भिन्नता र शोषणको वास्तविक रूपलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको देखिन्छ।*

**मुख्य शब्दावली** - कुटिल, प्रगतिवादी, रूपविन्यास, शोषक, संरचना

## विषयपरिचय

रमेश विकल नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन्। उनले नेपाली साहित्यका कथा, उपन्यास, नाटक एकाङ्की, बालसाहित्य र यात्रानिबन्धका क्षेत्रमा कलम चलाएका छन्। कथाकार विकलले सामाजिक विषयवस्तुमा आधारित कथा लेख्दछन्। उनका कथामा नेपाली समाजका यथार्थ, वर्गीय अन्तरविरोध, मानवीय संवेदना, सामाजिक विकृति, विसङ्गति, अन्याय र अत्याचारको विरोध गर्दै निम्न वर्गका कारुणिक र मर्मस्पर्शी घटनालाई प्रस्तुत गरिएको हुन्छ। उनका कथाले न्याय र समानताको पक्षमा आवाज उठाएका हुन्छन्। उनको पहिलो कथा ‘*शारदा*’ पत्रिकामा (२००६) सालमा प्रकाशित *गरिब* हो। उनका *बिरानो देशमा (२०१६), नयाँ सडकको गीत*

*(२०१९), आज फेरि अर्को तन्ना फेरिन्छ(२०२४), एउटा बूढो भ्वाइलिन आशाबरीको धुनमा(२०२५), उर्मिला भाउजू (२०३५), शव शालिक र सहस्रबुद्ध (२०४३), हराएका कथाहरू(२०५५)*कथासङ्ग्रह प्रकाशित छन्। विकलका यात्रासंस्मरण, उपन्यास, एकाङ्की, नाटक, बालसाहित्य प्रकाशित छन्। यसरी नेपाली साहित्यका विविध विधामा कलम चलाएका रमेश विकल नेपाली साहित्यका बहुआयामिक व्यक्तित्त्वका रूपमा चिनिन्छन्। कथाकार रमेश विकलको 'लाहुरी भैँसी' कथा *नयाँ सडकको गीत (२०१९)* कथा संग्रहमा सङग्रहित कथा हो।

कुनैपनि कथाको रचनाविधान भन्नाले कथामा निहित विषयवस्तु, कथानक, पात्र, परिवेश, भाषाशैली लगायतका तत्त्वहरूको योजनाबद्ध र कलात्मक संयोजन हो। साहित्यिक कृतिको प्रभावकरितालाई विषयवस्तुले मात्र नभई कथाको संरचना र प्रस्तुतीकरणको शैलीले निर्धारण गर्छ। कथाको रचनाविधानको अध्ययनले कृतिका तत्त्वहरूबिचको अन्तरसम्बन्ध, तिनको कार्यात्मक भूमिका र कलात्मक संरचनाको विश्लेषण गर्न सहयोग पुर्याउँछ। यसर्थ कथाको कलात्मक उपलब्धि र संरचनात्मक विशेषतालाई वस्तुगत रूपमा मूल्याङ्कन गर्न कथाको रचनाविधानपरक अध्ययन प्रभावकारी हुन्छ। कथाकारले यस कथामा ग्रामीण नेपाली समाज र त्यहाँ घट्ने घटनालाई विषयवस्तु बनाई समाजको परिवेश, आर्थिक अवस्था, सामाजिक सम्बन्ध एवम् मानवका अमानवीय व्यवहारलाई गाउँका शोषक वर्गहरूमा हुने षड्यन्त्रकारी प्रवृत्तिलाई द्वारेबा र शोषित वर्गका समस्यालाई लुखुरेको माध्यमबाट प्रस्तुत गर्दै गाउँका सोझा निमुखा र निम्नवर्गीय व्यक्तिहरूमाथि सहानुभूति प्रकट गरेका छन्। लाहुरी भैँसी कथामा कथावस्तु, पात्र, परिवेश, संवाद, भाषाशैली, दृष्टिविन्दु, सारवस्तुको संयोजनबाट कथाको संरचना तयार गरिएको छ।

गंगाप्रसाद अधिकारी(२०२०) ले'लाहुरी भैँसी' कथाको कथ्य, लेख्य वा दृश्यात्मक आख्यान संरचनाको वर्णनात्मक ढाँचाको विश्लेषण गरेका छन्। यसबाट संवाद, व्यङ्ग्य र भाषिक बिम्ब बुझ्न सहयोग पुगेको छ। नवराज पौडेल(२०२०)ले'लाहुरी भैँसी' कथालाई प्रगतिवादी कोणबाट विश्लेषण गरेका छन्। यसबाट कथानक र पात्रको विश्लेषणमा सहयोग पुगेको छ। नरेन्द्रप्रसाद कोइराला(२०२१) ले असन्तुलित शक्तिसम्बन्धका कारण अभिजात वर्गको केन्द्रीय संस्कृतिले सीमान्तकृत संस्कृतिलाई किनारा लगाएको विचार व्यक्त गरेका छन्। यस अध्ययनमा शक्तिसम्बन्धको व्याख्याले केवल विषयवस्तुलाई मात्र नभई वर्गीय विभेद देखाउन आएका पात्र, संवाद, द्वन्द्व र परिवेशको ढाँचाले कथाको रचनाविधानको विश्लेषणमा सहयोग पुऱ्याएको छ।

यसरी लाहुरी भैँसी कथाको उल्लिखित पूर्वअध्ययन र यस कथासँग सम्बन्धित अन्य विविध विषयमा रहेर गरिएका पूर्वकार्यमा कथाका विशिष्ट पक्षलाई विश्लेषण गरेको भए तापनि कथामा प्रयुक्त कथानक, पात्र, परिवेश, दृष्टिविन्दु, भाषाशैली, परिवेश, रूपविन्यासजस्ता कथाको संरचनात्मक पक्षसँग सम्बन्धित अध्ययन नभएको हुँदा यसैलाई शोधअन्तराल मानेर त्यसको समाधानका लागि कथाको रचनाविधानपरक अध्ययन यसमा गरिएको छ।

## समस्याकथन र उद्देश्य

नेपाली साहित्यको कथा क्षेत्रमा सुपरिचित रमेश विकलद्वारा रचित लाहुरी भैँसी कथाले ग्रामीण नेपाली समाजमा विद्यमान वर्गीय भिन्नता र वर्गभेदका कारण निम्नवर्गले भोग्नुपर्ने जटिल समस्यालाई मुख्य विषय

बनाएको छ। कथामा लुखुरेको भैँसी द्वारेबाले षडयन्त्रपूर्वक हडपेको प्रसङ्गले सामन्त प्रवृत्तिको चित्रण गरेको छ। प्रस्तुत कथाको सन्दर्भमा सामाजिक यथार्थ एवम् प्रगतिवादी दृष्टिकोणबाट अध्ययन अनुसन्धान गरिए तापनि कथाको संरचनात्मक तथा रूपविन्यासगत पक्षको व्यवस्थित अध्ययन हुन नसक्नु नै यसको प्रमुख समस्या हो। तसर्थ यसै समस्यामा आधारित भई लाहुरी भैँसी कथाको रचनाविधानपरक अध्ययन गर्नु प्रस्तुत लेखको उद्देश्य हो।

## सैद्धान्तिक पर्याधार

यस अध्ययनको मुख्य सैद्धान्तिक पर्याधार आख्यानको रचनाविधानको सिद्धान्त हो। 'लाहुरी भैँसी' कथामा आख्यानका मुख्य उपकरणका रूपमा कथावस्तु, चरित्र, परिवेश, दृष्टिविन्दु र भाषाशैलीलाई मानिएको छ। आख्यानअन्तर्गत कथा र उपन्यास पर्दछन्। यस अध्ययनमा कथाको अध्ययनअन्तर्गत कथाको सैद्धान्तिक पक्षलाई मुख्य आधार मानिएको छ।

कथा एक यौगिक रचना हो। कथाका एकाइ वा तत्त्वहरूका बीचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ। कथाको रचनाविधानलाई संरचना र रूपविन्यास गरी दुई भागमा वर्गीकरण गरिएको छ। कथाकारले आफ्ना विचार वा अनुभूतिलाई घटना र पात्रको सम्बन्धको योजना बनाएर कथाको आकार प्रदान गर्दछ यसैलाई कथाको संरचना भनिन्छ(श्रेष्ठ, २०६०, पृ.९)। कथाको संरचनाअन्तर्गत कथावस्तु, चरित्र, परिवेश, दृष्टिविन्दु र सारवस्तु पर्दछन्। जीवनमा घट्ने घटनाहरूको शृङ्खलित रूपलाई कथावस्तु भनिन्छ। कथाकारले कथावस्तुको गठन प्रारम्भ, विकास, कौतुहलर चरमसीमामा गरेको हुन्छ (आचार्य र अन्य, २०६७, पृ.घ)। कथामा चरित्रहरू कथावस्तु र उद्देश्यसँग गाँसिने महत्त्वपूर्ण पक्ष हुन्। चरित्रले कथा र उपकथालाई गति दिन्छन्। कथामा मानवीय र मानवेतर दुवै खालका पात्र हुन्छन्। (बराल र अन्य, २०६१, पृ.४)। परिवेश कथाको संरचनामा आउने स्थुल तत्त्व हो। कथामा स्वाभाविकता र विश्वसनीयता ल्याउन यसको महत्त्वपूर्ण भूमिका हुन्छ( गौतम र अधिकारी, २०६९, पृ.१९)। दृष्टिविन्दुले कथाकार र पाठकबिच सम्बन्धसूत्रको काम गर्छ। कथामा कथाकारले लिङ्ग, उमेर, कार्य, स्वभाव, आबद्धता आदिका आधारमा चरित्रको विधान गरेका हुन्छन् (अवस्थी, २०५५, पृ.७)। कथाकारले समाजमा भएका उच्च, मध्यम र निम्न मध्ये इच्छा र प्रवृत्तिअनुसार तीन वर्गमध्येका पात्र छान्छन् (गैरे, २०६३, पृ.१३)। कुनै पनि कथा कृतिको भावार्थ वा अभिप्राय नै सारवस्तु हो। द्वन्द्वात्मक भौतिकवादका आधारमा समाजमा हुने अन्तर्द्वन्द्वलाई देखाई प्रगतिवादी कथाकारहरूले वर्गद्वन्द्वरहित समाजको कल्पना गर्दछन्(श्रेष्ठ, २०५७, पृ.१५)। कथाकारले कथाको रचना गर्दा अपनाउने प्रणाली, ढाँचा शैली आदिलाई रीतिक्षेत्र भनिन्छ। एउटै विषयको कथालाई विभिन्न रीति वा प्रणालीमा लेख्न सकिन्छ। (लम्साल र अन्य, २०६९, पृ.७)। "यथार्थवादी रीतिअनुसार लेखिएका कथाहरूमा आदर्शवाद भावुकता तथा आत्मपरक दृष्टिलाई वर्जित गरी वस्तुपरक दृष्टिलाई स्वीकार गरिएको हुन्छ यस्ता कथामा कथावस्तु र पात्रलाई सामाजिक सत्य सँगसँगै राखेर वस्तुतथ्यमा जोड दिएको हुन्छ "(श्रेष्ठ, २०५७, पृ.१५)। कथाकारले अभिधात्मक वा प्रतीकात्मक रूपमा कथावस्तुको सार प्रस्तुत गर्दछन्। कथामा वर्णन गरिएका देशकाल, परिस्थिति नै परिवेश हो। परिवेशका माध्यमबाट सामाजिक परम्परा, सांस्कृतिक गतिविधि र राजनीतिक वातावरणको पनि चित्रण गरिन्छ (लम्साल र अन्य, २०६९, पृ.६)। कथा कसको हो र समाख्याता को हो भन्ने कुराको निर्क्योल दृष्टिबिन्दुले गर्दछ( शर्मा, २०६३, पृ. ४०९)। कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रूपपिन्यास हो। रूपपविन्यासभित्र पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीकविधान, शीर्षक पर्दछन्( श्रेष्ठ, २०६०, पृ.१२ )। रूपविन्यास संवृत र विवृत गरी दुई प्रकारका हुन्छन्। संवृतमा कथाकारले सरल

रूपमा अभिव्यक्ति दिन्छ भने विवृतमा विशिष्ट प्रकारको अभिव्यक्तितर्फ उन्मुख हुन्छ (श्रेष्ठ, २०६०, पृ .१२ -१३)। प्रस्तुत 'लाहुरी भैँसी' कथामा संवृत शैलीको प्रयोग गरिएको छ। बिम्ब शब्दले साहित्यमा मानसिक तस्वीर र कथामा वर्णनात्मक अनुच्छेदलाई जनाउँछ (श्रेष्ठ, २०६०, पृ. १३)। प्रस्तुत 'लाहुरी भैँसी' कथामा कथाको संरचना पक्ष र रूपविन्यासलाई सैद्धान्तिक पर्याधारका रूपमा लिईएको छ।

## अध्ययन विधि र प्रक्रिया

'लाहुरी भैँसी' कथाको अध्ययन ढाँचा गुणात्मक रहेको छ। यसमा कृतिबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्ष निकलिएको छ। कथाको अध्ययन उद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा गरिएको छ। अध्ययनका लागि नेपाली भाषामा रमेश विकलद्वारा लेखिएको 'लाहुरी भैँसी' कथा छनोट गरिएको छ। लाहुरी भैँसी कथासँग सम्बन्धित विभिन्न कृति र लेखलाई मुख्य आधार बनाएर तथ्य सङ्कलन गरिएको छ। सामग्री सङ्कलनका क्रममा प्राथमिक स्रोतका रूपमा'लाहुरी भैँसी' कथा र कथा सिद्धान्त र विश्लेषणसम्बन्धी द्वितीय स्रोतका रूपमा विषयसँग सम्बन्धित पुस्तक, प्रकाशित लेख र विद्युतीय सामग्रीको उपयोग गरिएको छ। प्राप्य सामग्रीबाट यस अध्ययनसँग सम्बन्धित सामग्रीको गहन अध्ययन र विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ। प्रस्तुत लेखमा तथ्यको वर्णनात्मक र समीक्षात्मक अध्ययन गरी निष्कर्षमा पुगिएको छ।

## लाहुरी भैँसी कथाको विश्लेषण

विवेच्य कथा 'लाहुरी भैँसी' रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्ग्रहित छ। यस कथा नेपाली ग्रामीण जनजीवनको विषयमा आधारित छ। मार्क्सवादी चिन्तनमा आधारित प्रस्तुत कथामा आर्थिक विषमताजन्य परिस्थितिबाट गुज्रिएको समाजको यथार्थ चित्रण गर्दै सामाजिक भेदभाव तथा असमानताप्रति आलोचना गरिएको छ। यस कथाले समाजमा हुने शोषक र शोषित वर्गबिचको द्वन्द्वलाई कलात्मक ढङ्गले चित्रण गर्दै शोषित वर्गमाथि हुने अन्याय, अत्याचार, भेदभाव र दुर्व्यवहारको विरोध गरेकाले कथामा प्रगतिवादी दृष्टिकोण पाइन्छ। प्रस्तुत कथामा लुखुरे जस्ता हाम्रो समाजका निम्नवर्गीय पात्रहरू द्वारेबाजस्ता समाजका शोषक र षडयन्त्रकारी व्यक्तिद्वारा कति शोषित, पीडित बनेका छन् भन्ने विषयलाई सरल, सहज भाषाशैलीका माध्यमबाट गम्भीरताका साथ चित्रण गरिएको छ। प्रस्तुत कथाको विश्लेषण निम्न शीर्षकका आधारमा गरिएको छ।

### रुचिक्षेत्र

रमेश विकल मूलतः प्रगतिवादी कथाकार भएकाले प्रस्तुत कथाको रूचिक्षेत्र पनि प्रगतिवाद नै रहेको छ। विशेषतः यो कथा आर्थिक द्वन्द्व र सामाजिक ढाँचासँग सम्बन्धित छ। समाजमा समान रूपमा आर्थिक वितरण हुन नसक्दा शोषक र शोषित दुई वर्गको जन्म भई निम्न वर्ग सामन्त वर्गबाट हेपिएको छ। समाजमा एक्लै शासन गर्दै आएका द्वारेबाले गरिब लुखुरेले ऋण काढेर प्रशस्त दूध दिने, हेर्दा चिल्लो, अत्यन्त लायकको भैँसी ल्याएको देखेपछि आफ्ना भरौटेहरूलाई साथमा लिएर षडयन्त्रको जालो फाली सोझो निमुखा लुखुरेको भैँसी आफ्नो बनाएका छन्। आफूलाई गाउँभरिको ठूलो ठान्ने षडयन्त्रकारी द्वारेबा अरुको प्रगति देख्न नसक्ने र राम्रा, असलचिज आफ्नोमात्र हुनुपर्छ भन्ने स्वार्थी प्रवृत्तिका देखिन्छन्। गरिब वर्गको गरिबीप्रति खेलवाड गर्ने स्वार्थी प्रवृत्तिका द्वारेबाजस्ता धूर्त, बदमास व्यक्तिहरूको कुकृत्य अन्त्य हुनुपर्छ भन्ने दृष्टिकोण राखिएको यस कथामा प्रगतिवादी स्वर पाइन्छ। प्रस्तुत

कथामा विषमतारहित, गतिशील र वर्गविहीन आदर्श समाजको सिर्जनाका लागि आवाज उठाइएकाले यस कथाको रुचिक्षेत्र प्रगतिवाद रहेको छ।

**रीतिक्षेत्र**

प्रस्तुत 'लाहुरी भैँसी'कथाको रीतिक्षेत्र यथार्थवाद हो। यस कथामा समाजको यथार्थलाई विषयवस्तु बनाई आर्थिक विपन्नता सामाजिक विषमता र वर्गीय भेदभाव जस्ता पक्षको चित्रण गर्दै शोषित पीडित वर्गले समाजमा भोग्नुपर्ने यथार्थ स्थितिको वर्णन गरिएको हुँदा यस कथाको रीतिक्षेत्र यथार्थवाद हो। यस कथामा ग्रामीण नेपाली समाजमा घट्ने यथार्थ घटनालाई विषयवस्तु बनाई द्वारेबाले आफ्ना भरौटेहरूलाई साथ लिई लुखुरेको घरमा ल्याएको भैँसी आफ्नो बनाउन अनेक षडयन्त्र गरी गरिब किसानले जीविकोपार्जनका लागि भैँसी पालेर जीवनस्तर उकास्न प्रयास गर्दा गरिबलाई माथि उठ्न दिनु हुँदैन वा आफूभन्दा माथि कोही हुन सक्दैन भन्ने सामन्तहरूको मानसिकताको यथार्थ चित्रण गरिएको छ। लुखुरेको भैँसी द्वारेबालाई सुम्पन भूमिका खेल्ने धर्मका सारथी सीताराम पण्डित भैँसीलाई पैसा हाल्नु ठीक हुँदैन भन्दै द्वारेबालाई उकास्छन् यसरी समाजको यथार्थ चित्रण गरिएको हुँदा यसको रीतिक्षेत्र यथार्थवाद भएको पुष्टि हुन्छ।

**संरचना पक्ष**

संरचना भनेको बनोट हो। कथा निश्चित संरचनामा बाँधिएको हुन्छ। कथाकारले आफ्ना विचार वा धारणालाई घटना र पात्रको माध्यमबाट प्रस्तुत गरेको हुन्छ। प्रस्तुत 'लाहुरी भैँसी' कथा रमेश विकलको *नयाँ सडकको गीत* कथा सङ्ग्रहमा सङ्ग्रहित छ। प्रस्तुत कथा लामा छोटा गरी ५७ अनुच्छेदमा संरचित छ। यस कथाको बिचमा ताराअङ्कित चिह्नको प्रयोग गरिएकाले दुई परिच्छेदमा विभाजित भएको प्रष्ट हुन्छ। यस कथाले आठ पृष्ठ ओगटेको कथा मझौला आकारमा अनुबन्धित छ।

**कथावस्तु**

कथावस्तु भनेको कथामा प्रस्तुत गरिने घटना र कार्यव्यापारको व्यवस्थित संरचना हो। कथामा पात्रले गर्ने कार्य, सङ्घर्ष र घटनाहरूको विकासबाट कथावस्तु निर्माण हुन्छ। प्रस्तुत 'लाहुरी भैँसी'कथामा कथाकार बाहिर बसेर वर्णनात्मक र संवादात्मक रूपमा कथानकलाई अगाडि बढाएका छन्। प्रस्तुत कथामा निम्नवर्गीय किसान लुखुरेले आफ्नो जायजेथा कुटिल स्वभावको षडयन्त्रकारी द्वारेबालाई सुम्पिन बाध्य भएको मार्मिक कथालाई मुख्य विषयवस्तु बनाइएको छ। यस कथामा समाजका निम्नस्तरका पात्रको माध्यमबाट समाजमा विद्यमान विषमता, असन्तुलन, अन्याय, अत्याचार र शोषणको अन्त्य गरी आर्थिक विषमतारहित वर्गविहीन आदर्श समाजको निर्माण गर्ने प्रगतिशील विचार व्यक्त गरिएको छ। छोटा छोटा संवादको प्रयोग गरिएको रैखिक ढाँचामा अनुबन्धित यस कथालाई आदि मध्य र अन्त्यको शृङ्खलामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

***आदिभाग***

'लाहुरी भैँसी' कथामा निम्नवर्गीय किसान लखुरेले सत्रबिस रुपैयाँमा ज्याग्दीबाट श्रीमतीका गरगहना रित्याई ऋण खोजेर भैँसी ल्याउँछ। भैँसी ल्याएपछि उनीहरूको परिवारमा गरिबीको अन्त्य हुने र छोरा पोडेको चाहना पूरा गर्न सकिने आशले लुखुरे र स्वास्नी असाध्यै रमाएका हुन्छन्। बाबाले ल्याएको भैँसीले ढुङ्ग्रोभरि दूध दिने, दूध बेचेर

आएको पैसाले बजार गई राम्रो कपडा किन्ने विश्वासमा सानो छोरो पोडे फुरुक्क परी आफ्ना साथीभाइ जम्मा गर्छ। उसले ल्याएको भैंसी हेर्न गाउँका द्वारेबालगायत धेरै मानिसहरूको भीड लाग्छ। घरमा भैँसी आएकाले खुसीले कलह र दुष्टताकी मूर्ति घैँटी पनि ममता र सेवाकी मूर्ति भएर लुखुरेप्रति आदरको भाव व्यक्त गर्दछे। उनीहरूले भैँसी ल्याएको गाउँका कुटिल चरित्रका द्वारेबालाई पटक्कै मन पर्दैन। त्यसैले षड्यन्त्र गरेर त्यो भैँसी आफूले लैजाने दाउमा लाग्छन्। भैँसी हेर्दा ठूलो कल्चौँडो भएको, चिल्लो कालो जीउ, छोटा छोटा मोटा सिङ भएको अत्यन्त आकर्षक हुन्छ। भैँसी देखेर लोभिएका द्वारेबाले आफूसँगै आएका आसेपासेहरुको सहयोग लिई भैंसीलाई धम्की भएको छ भन्ने दोष लगाई भैँसी चाँडै मर्ने कुराको सङ्केत गरी सोझो लुखुरेमाथि षडयन्त्रको जालो फाल्छन्।

***मध्यभाग***

पाँचकोस टाढाबाट हिँडाएर ल्याएको कारणले साँझ भैंसीले थोरै दूध दिन्छ। लुखुरे भने भैंसीमा पक्कै खोट भएकाले थोरै दुध दिएको भन्ने कुरामा निश्चिन्त हुन्छ। उसकी स्वास्नी घैंटीले उसलाई निकै गाली गर्छे। एकातर्फ ऋणमा परेर ल्याएको भैँसी मर्ने डर अर्कोतर्फ स्वास्नीको मुटु छेड्ने वचनले लुखुरे रातभरि सुत्न सक्दैन। पिर, चिन्ता र डरले अतालिएको लुखुरे भैँसी फर्काउन सम्भाव नहुने निधो गरी अर्को दिन द्वारबाकहाँ गई अनेक बिलौना गर्छ। षडयन्त्रको जाल रचेका द्वारेबा र उनका भरौटेहरू रामवीरे खुलाल घमाने र आफूलाई धर्मका सारथी मानी आफ्ना कुरालाई शास्त्रको वचन ठान्ने द्वारेबाको चाकडी गर्न हरबखत तयार रहने सीताराम पण्डितले गरिब र अनाथ लुखुरेमाथि उपकार गरी भैँसी द्वारेबाले किनिदिएमा जन्मजन्मान्तरको गुण लाग्ने भनी अनुरोधको नाटक गर्दछन्।

***अन्त्यभाग***

द्वारेबा आफ्नो योजना सफल भएकामा भित्रभित्र अत्यन्त हर्षित हुन्छन्। उनी बाहिर भने धम्की लागेर मर्न लागेको भैंसी को के काम छ र भनेर नकारात्मक टीका-टिप्पणी गर्छन्। अन्त्यमा सोझो लुखेरेले सय पचासको मुख नरेहेमा द्वारेबाले भैँसी किनिदिएर लुखुरेलाई गुन लगाउने सर्त राखी सीताराम पण्डितको अन्तिम निर्णयमा द्वारेबाले भैँसी किन्ने निधो गर्दछन्। लुखुरेले भने ३४० हालेर ल्याएको भैँसी मरेमा ऋणमा डुबेर घरबासै उठ्ने हुँदा बरु सय पचास छोडेरै भएपनि भैँसी द्वारेबालाई दिन चाहन्छ। भैंसी पाएपछि कुटिल स्वभावका द्वारेबा खुसी हुँदै भैँसीको सुसार गर्न थाल्छन्। लुखुरे र उसका छोरा भने द्वारेबाको घरतिर जिल्ल परेर हेर्छन्। लुखुरेको परिवारमा निराशा छाउँछ। यसरी लाहुरी भैँसीको कथानक अन्त्य भएको छ।

यसरी यस कथामा निम्नवर्गीय पात्र लुखुरेको श्रम गरेर खाने अधिकारलाई खोसेर सामन्त र शोषक प्रवृत्तिका द्वारेबाले दया देखाएजस्तो गरेर सोझासाझा निमुखालाई हेपेको घटनाको वर्णन गर्दै निम्नवर्गीय पात्रप्रति सहानुभूति व्यक्त गरिएको छ। समाजको यथार्थ चित्रण गरी सामन्ती प्रवृत्तिको अन्त्य हुनुपर्ने प्रगतिवादी स्वर व्यक्त गरिएको यस कथाको कथानक आदि, मध्य र अन्त्यको ढाँचामा तयार पारिएको छ।

## लाहुरी भैँसी कथामापात्रविधान

प्रस्तुत 'लाहुरी भैँसी' कथाकोमुख्य पात्र लुखुरे हो। द्वारेबा यस कथाका खलपात्र हुन्। द्वारेबाका अन्धभक्त रामवीरे घर्ती, खुलाल, घमाने, सीताराम पण्डित, बुढाथोकी यस कथाका सहायक पात्र हुन्। लुखुरेकी स्वास्नी घैँटी र

छोरो सोझा र निमुखा गाउँले पात्र हुन्। लाहुरी भैँसी कथाको मानवेतर  पात्र हो। प्रस्तुत कथामा मुख्य भूमिका खेल्ने पात्रहरूको चरित्रचित्रण यसप्रकार गरिएको छ।

## *लुखुरे*

ग्रामीण परिवेशमा आधारित 'लाहुरी भैँसी' कथाको मुख्य पात्र लुखुरे हो। ऊ हाम्रो समाजको शोषित वर्गको प्रतिनिधिमूलक पात्र हो। लुखुरे सरल स्वभावको निर्दोष  पात्र हो। परिश्रमी लुखुरे ऋण धन गरेर भएपनि भैँसी किनेर ल्याई मिहिनेत गरी खाना चाहन्छ। एउटा असाध्यै राम्रो दुहुनो भैँसी किनेर ल्याएको लुखुरेको भैँसीमाथि द्वारेबाको वक्रदृष्टि परेपछि लुखुरे भैँसी पालेर आफ्नो जीवनस्तर उकास्ने  योजनामा सफल हुन सक्दैन। आफूले ढकालसँग राम्ररी बुझेर किनेको भैँसीलाई अर्कोले धम्की भएको छ भनी दोष लगाउँदैमा सर्वस्व डुबेको सम्झी"बा, अब त म बितेँ। के गरौँ बा। म त खौलामा परेँ। "(विकल, २०७५, पृ.६१)भनी छटपटाउने लुखुरे द्वारेबाको षड्यन्त्रनबुझी ऋणमा डुबिने डरले कम पैसामै भएपनि भैँसी द्वारेबाको जिम्मा लगाउन तयार भएको छ। कमजोर आर्थिक अवस्थाकै कारण  भैँसी मरेमा सर्वस्व डुब्ने सम्झी केही पैसा भएपनि आउने आशमा किनेको मूल्यमा घटेर भैँसी बेच्ने लुखुरे निम्नवर्गीय पात्र हो। द्वारेबा र उनका भरौटेको चाल नबुझ्नेलुखुरे गाउँका सोझा र अशिक्षित वर्गको प्रतिनिधि पात्र हो।  कथामा सकारात्मक भूमिका खेलेको लुखुरे यस कथाको अनुकूल पात्र हो। परिस्थिति र आन्तरिक द्वन्द्वका कारण कथाको विकाससँगै उसको मानिसक अवस्थामा परिवर्तन आएकाले लुखुरे यस कथाको गतिशील पात्र हो।  कथामा प्रत्यक्ष उपस्थिति भएकाले आसन्नताका आधारमा मञ्चीय  पात्र हो।  लुखुरेलाई कथाबाट अलग गर्दा संरचना भत्किने हुँदा आबद्धताका आधारमा बद्ध र समाजका निम्नवर्गको प्रतिनिधित्व गरेको लुखुरे प्रस्तुत कथाको वर्गीय पुरुष पात्र हो।

## *द्वारेबा*

द्वारेबा 'लाहुरी भैँसी' कथाका खलपात्र हुन्। प्रस्तुत कथाका द्वारेबा गाउँका कुटिल चाल चलेर अनेक षड्यन्त्र गरी आफ्नो स्वार्थ पूर्ति गर्ने शोषक वर्गका प्रतिनिधि पात्र हुन्। अरुको उन्नति, प्रगति देख्न नसक्ने द्वारेबा ईर्ष्यालु र धूर्त स्वभावका छन्। लुखुरेले ल्याएको लाहुरी भैँसी देखेर उनको मन धमिलिएको छ। गरिबको घरमा राम्रो भैँसी ल्याउँदा उनले आफ्नो बेइज्ज्जत भएको ठानेका छन्। बाहिर मीठो बोल्ने तर भित्रभित्रै अनेक षड्यन्त्र गरेर सोझालाई फसाउने उनी जाली स्वभावका खलपात्र हुन्। उनले आफ्ना सहयोगीहरूको साथ लिई स्वस्थ भैँसीलाई धम्की भएको छ भनी लुखुरेलाई ठगेर भैँसी आफूले ल्याउन सफल भएका छन्। अरुको सुख देख्न नसक्ने, राम्रा सम्पूर्ण वस्तु आफ्नै हुनुपर्ने धारणा राख्ने, धूर्त स्वभावका पुरुष पात्र हुन्।  यस कथामा नकारात्मक भूमिका खेलेका द्वारेबा स्वभावका दृष्टिले प्रतिकूल, कार्यका आधारमा सहायक, समाजका शोषक वर्गको प्रतिनिधित्त्व गरेकाले जीवनचेतनाका आधारमा प्रतिनिधिमूलक पात्र हुन्। कथाको सुरुदेखि अन्त्यसम्म कथामा बाँधिएकाले आबद्धताका दृष्टिले बद्ध  पात्र हुन्। कथामा प्रत्यक्ष उपस्थिति जनाएकाले आसन्नताका दृष्टिले मञ्चीय  पात्र हुन् भने सुरुदेखि अन्त्यसम्म एउटै स्वभाव भएका उनी स्थिर स्वभावका पुरुष पात्र हुन्।

## लाहुरी भैँसी कथाको परिवेश

'लाहुरी भैँसी' कथामा ग्रामीण परिवेशको  चित्रण गरिएको छ। परिवेश आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ। प्रस्तुत कथामा बाह्य परिवेशकारूपमा ग्रामीण क्षेत्रका स्थान, लुखुरेको गाउँबाट पाँच कोश हिँडेर पुगिने स्थान

ज्याग्दी र नजिकैको लाँकुरी भन्ज्याङ, लुखुरेको गाउँको वन जङ्गल, पाखा पखेरा, पश्चिमपट्टि डाँडामाथिसम्म फैलिएको सिन्दुरे लाली, हाँसेको आकाश, गाइरहेका चराचुरुङ्गी, भैँसी बाँध्ने गोठ, द्वारेबाको आँगन, तमाखु खाने र गफ गर्नै मानिसको भीडको चित्रण गरिएको छ। कथामा गाउँमा हुने भैँसीको किनबेच, भैँसी ल्याउँदा परिवार र छरछिमेकमा हुने उत्सुकता, मान्छेहरू भेला हुने चलनलाई पनि परिवेशको रूपमा राखिएको छ। ग्रामीण क्षेत्रमा पशुपालन जीविकोपार्जनको माध्यम मात्र नभइ आर्थिक उन्नतिको माध्यमसमेत हुने विषयलाई यस कथाले समेटेको छ। आन्तरिक परिवेशका रूपमा भैँसीमा खोट भएको घटनाबाट लुखुरे घैँटीको मनमा उठेका तरङ्गहरू,लुखुरेका मानसिक द्वन्द्व, लुखुरेको निर्णयप्रति घैँटीको आक्रोश, निम्न आर्थिक स्थिति भएका सोझा वर्गमाथि गरिने शोषण गरेर रमाउने द्वारेबाको मानसिकता, सामन्ती प्रवृत्तिका व्यक्तिहरूमा हुने कठोर र षडयन्त्रकारी प्रवृत्तिलाई चित्रण गरिएको छ। कथामा पहिलो दिन दिउँसोबाट सुरु भएर भोलिपल्ट बेलुकासम्मको समय लिएको हुँदा दुई दिनको समयलाई समयगत परिवेशको रूपमा राख्न सकिन्छ। यसैगरी ३४० रुपियाँमा अब्बल भैँसी किनेको प्रसङ्गले निकै अगाडिको समयलाई सङ्केत गरेको छ। द्वारेबाले गरेका सबै कामलाई आँखा चिम्लिएर विश्वास गर्ने र कसैले उनको विरुद्धमा आवाज उठाउन नसक्नुले शिक्षा र चेतना नपुगेको अशिक्षित सामाजिक परिवेशको चित्रण गरेको छ। यस्तै गाउँमा हुने फटाहा व्यक्तिहरू मौका पाउनासाथ निम्न वर्गका मानिसलाई हेप्ने प्रवृत्ति, फाइदाका निम्ति गाउँका ठूलाबडाको अघिपछि लागेर उनीहरूले भनेका गलत कुरामा पनि सही थाप्ने र नजिकको मान्छे बन्ने प्रवृत्तिलाई सिताराम पण्डित, खुलाल, रामवीरे जस्ता पात्रहरूको माध्यमबाट देखाउन खोजिएको छ। द्वारेबा जस्ता शोषक प्रवृत्तिका मानिसहरूले लुखुरे जस्ता निम्न वर्गका सोझा साझा गाउँलेलाई हेप्ने र उनीहरूलाई गरी खान नदिने समाजको यथार्थलाई यस कथाले परिवेशको रूपमा चित्रण छ।

## दृष्टिविन्दु

कथात्मक दृष्टिबिन्दु आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन्। आन्तरिक दृष्टिविन्दु केन्द्रीय र परिधीय हुन्छन् भने बाह्य दृष्टिविन्दुलाई सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन भागमा वर्गीकरण गरिन्छ। 'लाहुरी भैँसी' कथामा कथाकारले लुखुरे, द्वारेबा, रामवीरे घर्ती, खुलाल, घमाने, बुढाथोकी, सीताराम पण्डित, घैँटी, पोडेजस्ता कथामा उपस्थित सबै पात्रका मनभित्र पुगेर पात्रका भावना, विचार, प्रतिक्रिया र दृष्टिकोणलाई प्रस्तुत गरेका छन्। प्रस्तुत कथामा कथाकारले स्वतन्त्र रूपमा सबै पात्रहरुको दृष्टिकोणलाई प्रस्तुत गरेको हुँदा यसमा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ। प्रस्तुत कथाको प्रमुख पात्र लुखुरेले गरेको सङ्घर्ष, द्वारेबाको षडयन्त्रलाई बाह्य पुरुष दृष्टिविन्दुमा चित्रण गरिएको छ। कथामा लुखुरेको भैँसीमाथि खोट भएको भनी साबित गर्न खुलाल र सीताराम पण्डितसस्ता पात्रहरूले षडयन्त्र र कुटिल पात्र द्वारेको साथ दिनका निम्ति भैँसीप्रति नकारात्मक टिकाटिप्पणी गरेका छन्। रामवीरे घर्ती, घमाने र बुढाथोकीको पनि लुखुरेले भैँसी ल्याउँदाको नकारात्मक प्रतिक्रिया कथामा समेटिएको छ। छोरो पोडेले घरमा भैँसी ल्याएको खुसीयालीमा साथीभाइ भेला पार्दै भैँसीले ढुङ्ग्रोभरि दिएको दूध बेचेर राम्रा दौरा किन्ने कुरा गरेको छ। भैँसी ल्याएको खुसीयालीमा लुखुरेकी स्वास्नीपनि अत्यन्त प्रसन्न भइ खोले पकाएर खुवाउने,

घाँस थुपार्नेजस्ता कार्य गरेको प्रसङ्गलाई प्रस्तुत गरिएकाले कथामा उपस्थित सम्पूर्ण पात्रहरूको भावना, विचार र प्रतिक्रिया समावेश गरिएको प्रस्तुत कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरिएको छ।

## रूपविन्यास

कथालाई सुन्दर बनाउन प्रयोग गरिने सूक्ष्म तत्त्वहरू नै कथाको रूपविन्यास हो। 'लाहुरी भैँसी' कथामा कथाकारले ग्रामीण समाजको यथार्थलाई सरल संरचना र सहज भाषामा प्रस्तुत गरेको हुँदा यसमा संवृत रूपविन्यासको प्रयोग गरिएको छ। कथामा लाहुरी भैँसीलाई आर्थिक समृद्धिको आधारको रूपमा लिइएको छ। त्यसैगरी द्वारेबा र उनका सहयोगीहरू शोषक मनोवृत्तिका पात्रको रूपमा आएका छन् भने ग्रामीण जनजीवनको चित्रण गर्ने क्रममा प्राकृतिक बिम्बको प्रयोग भएको छ। समाजमा हुने शोषक र शोषित बिचको द्वन्द्वलाई प्रस्तुत गरिएको लाहुरी भैँसी कथामा द्वारेबाजस्ता फटाहा मानसिकता भएका पात्रको गलत मनोवृत्तिप्रति व्यङ्ग्य गरिएको छ। प्रस्तुत कथामा आन्तरिक र बाह्य द्वन्द्वको स्वाभाविक योजना गरिएको छ। सामाजिक परिवेशका सामन्त चरित्रको विरोध गरिएको कथामा आश्चर्य, अपराध, अनुभव, जीवित, प्रारम्भ, ऋणजस्ता तत्सम शब्द, भैँसी, आँगन, हात, गोडा, घिउ, गाउँ, कालो, सपनाजस्ता तद्भव र साहु, कपडा, बजिया फोनबाजाजस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ। लुखुरे, डिल, रुमलो जस्ता ठेट नेपाली भाषाको प्रयोगले कथा थप रोचक बनेको छ। कथामा प्रयोग गरिएका लुखुरेका घराँ, कत्ना कत्ना भैँसी खेलाइसक्नुभा, क्यार्छस्, बौराजस्ता कथ्य भाषाको प्रयोगले कथा स्वाभाविक र यथार्थपरक बनेको छ। कथामा चीलका जस्ता आँखा, पानीमा परेको गुइँठा फुलेझैँ, आफ्नै खुट्टामा वञ्चरो हान्नु, घोप्टे जुँगाभित्र लुकेको कुटिलताजस्ता आलङ्कारिक अभिव्यक्तिले भाषामा मिठास थपेको छ। विवेच्य कथामा लुखुरेको मनोदशा, द्वारेबाको कुटिल अभिव्यक्ति, घैँटीको कठोर व्यवहारको प्रस्तुति, गाउँलेहरूको लुखुरेप्रतिको दृष्टिकोणलाई प्रस्तुत गर्ने क्रममा कथाकारले सरल, कथ्य र मानक भाषाको प्रयोग गरेका छन्। संवादात्मक शैलीमा लेखिएको प्रस्तुत कथामा पात्रको स्तरअनुसारको भाषाशैलीको प्रयोग गरिएको छ। तत्सम, तद्भव, आगन्तुक र ठेट नेपाली शब्दको प्रयोग गरिएको प्रस्तुत कथामा सरल भाषाशैली र समुचित उखान टुक्का र अनुप्रासयुक्त शब्दको प्रयोग गरिएको छ। यसरी प्रस्तुत कथा भावग्रहणका दृष्टिले सरल, संवेद्य र सुबोध्य हुनुका साथै शाब्दिक चयन र वाक्यगठनका दृष्टिले पनि बोधगम्य रहेकाले भाषा र शैलीले कथाको भावग्रहणमा कुनै अवरोध उत्पन्न नगरेको हुँदासंवृत रूपविन्यासको उचित प्रयोग छ।

## सारवस्तु

ग्रामीण समाजका सामन्त र शोषकहरूको कुकृत्यको पर्दाफास गरी शोषणमुक्त समतामूलक समाजको निर्माण गर्नु लाहुरी भैँसी कथाको सारवस्तु हो। हाम्रो समाज विभेदपूर्ण छ। यहाँ लुखुरेजस्ता वर्गले दैनिक गुजारा गर्न रगत र पसिना बगाउँछन्। उनीहरुले आफ्नो आर्थिक अवस्था सुधार गर्न खेतीपाती र पशुपालन रोजेका हुन्छन् तर त्यही समाजमा बस्ने द्वारेबाजस्ता शोषक वर्ग भने लुखुरेहरूलाई षडयन्त्रको जालमा पारेर गरिबको गरिबीमाथि रजाइँ गर्दछन्। हाम्रो समाजमा सदियौँदेखि द्वारेबाजस्ता शोषक प्रवृत्तिका कपटपूर्ण व्यवहारले लुखुरेजस्ता सोझा वर्गहरू शोषणमा परी असह्य पीडा सहन बाध्य छन्। शोषित वर्गमा शिक्षा र चेतनाको कमी हुँदा शोषकहरूको जालझेल नबुझी उनीहरूले गर्ने दयालाग्दा कुरामा विश्वास गरेर दुखी जीवन बिताएका छन्। गृहस्थ जीवनका निम्ति सङ्घर्षशील लुखुरेले अन्य गरिबले गर्न नसकेको काम गरेको छ तर इर्ष्यालु द्वारेले गरिब लुखुरेको घरमा खुसी टिक्न

दिएको छैन। आफ्नो सुखका निम्ति अरुलाई पीडा दिनु, भ्रम फैल्याउनु, जालझेलमा पार्नुजस्ता अमानवीय क्रियाकलाप हुन्। यस्ता व्यक्तिबाट लुखुरेजस्ता पात्रहरू सचेत रहनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ। यस कथाले मानिस सचेत भइ आफूमाथि भएका षडयन्त्रबारे चनाखो रहनुपर्छ। मानिस समयसुहाउँदो गतिशील हुनुपर्छ भन्ने विचार व्यक्त गर्दै गलत कार्यको विरोधमा एकजुट भएर समाज परिवर्तन गर्नुपर्ने भाव यस कथा पाइन्छ। लुखुरेले ल्याएको गुणी भैँसीलाई धम्की लागेको छ भनी साबित गर्न द्वातारेबाले यसो भनेका छन्। "भैँसीलाई त अलि बढी नै हालिछस्। दूध कति देला ?कल्चौँडोमात्र भएर के गर्नु, मासु खान भएन मोटो छ भनेर", ..."बाबै भैँसीलाई त धम्की छ, कसो ए रामे ! कि मैले जानिनँ ?"( विकल, २०७५, पृ.५३)। यसबाट समाजका सोझा वर्गमाथि कुटिल, स्वार्थी र दुष्ट सामन्तहरूको षडयन्त्रकारी व्यवहारलाई आलोचनात्मक रूपमा व्यक्त गर्दै यस्ता प्रवृत्तिका सामन्तहरूले समाजमा रजाइँ गर्दासम्म परिवर्तन सम्भव हुँदैन भन्ने भाव पनि यस कथामा व्यक्त गरिएको छ। समाजमा रहेका आर्थिक रूपमा अत्यन्तै कमजोर वर्गका व्यक्तिहरू सामन्ती र शोषक मनोवृत्ति भएका द्वारेबाजस्ता व्यक्तिहरूबाट पीडित भएको विषयलाई प्रस्तुत गर्दै यस प्रकारका सामन्ती प्रवृत्तिलाई जरैदेखि उखेलेर फाल्नुपर्ने विचार यस कथामा प्रस्तुत गरिएको छ। हाम्रो समाजमा द्वारेबा जस्ता षड्यन्त्रकारी प्रवृत्तिका व्यक्तिहरूले लुखुरे जस्ता सोझा साझालाई दास बनाएका छन् भने सिधा साधा गरिबहरू द्वारेबा जस्ताको षड्यन्त्रले निरीह बन्न पुगेका छन्। आफ्नो जीविकोपार्जनका निम्ति दिनरात नभनी मिहिनेत गरेर केही गर्न चाहने गरिबहरूलाई उनीहरूको विवशता र सोझोपनको फाइदा उठाउँदै षड्यन्त्र र शक्तिको आडमा धम्काई आफूलाई शक्तिशाली ठान्ने प्रवृत्तिको विरोध गर्दै समाजको सुधारको चाहना राखिएको छ। प्रस्तुत कथामा मूलतः ग्रामीण नेपाली समाजमा व्याप्त गरिबी, शोषण, वर्गीय असमानता, आर्थिक अभाव जस्ता विषयवस्तुमा केन्द्रित भई आर्थिक शोषणको विरोधमा सामन्तवादी संस्कृतिको घोर विरोध गरिएको छ।

यसैगरी हाम्रो समाजका तल्ला वर्गमा पनि एकता नहुँदा एकअर्कामै प्रतिस्पर्धा र कुविचार पैदा भएको छ। मालिकको सेवाको नाममा लागि आफ्नै वर्गमाथि अन्तर्घात गरिएको छ। समाजका रामविरेजस्ता दोहोरो चरित्र भएका तल्ला वर्गले द्वारेबाजस्ता शोषकलाई गलत कामका लागि साथ दिँदा समाजमा वर्गभेद बढेको छ। यसरी प्रस्तुत कथाले आफ्नो अनुकुलताका लागि अरुलाई पीडा दिनु भ्रम फैलाउनु, झुटो बोल्नु, अपराध हो। एक्लैभन्दा सामुहिक रूपमा आवाज उठाइ धूर्त र फटाहाहरुको विरुद्धमा लाग्नुपर्ने सन्देश दिँदै समाजमा वर्गभेद अन्त्य हुनुपर्ने, लुखुरेजस्ता पात्र षडयन्त्र र जालझेलबाट मुक्त हुनका लागि आफू चनाखो भइ अन्यायविरुद्ध आवाज उठाइ अगाडि बढ्न सकेमा मात्र न्यायपूर्ण समाजको स्थापना हुन्छभन्ने भाव व्यक्त गर्नु नै यस कथाको सार हो।

### शीर्षकको सार्थकता

विवेच्य कथाको शीर्षक 'लाहुरी भैँसी' राखिएको छ। व्याकरणिक दृष्टिले लाहुरी'विशेषण' हो भने भैँसी'नामपद'हो। 'लाहुरी भैँसी'ले यहाँ असल र उन्नत जातको भैँसी भन्ने अर्थ दिन्छ। सामान्य भैँसीको तुलनामा लाहुरी भैँसीले धैरै दूध दिने खालको, जीउडाल मिलेको, मोटामोटा सिङ भएको, चिल्लो हेर्दा आकर्षक हुन्छ। यस जातका भैँसी किनेर जीविकोपार्जन गर्न धेरै किसानहरु लालायित हुन्छन्। गाउँको सोझो र गरिब लुखुरेको घरमा लाहुरी भैँसी भित्र्याएपछि आफूलाई गाउँकै मालिक ठान्ने द्वारेबा ईर्श्याले जली लाहुरी भैँसी अनेक षडयन्त्र गरेर आफ्नो बनाएको प्रसङ्ग नै यस कथाको विषयवस्तु हो। यस कथामा मानिसमा ईर्श्या, द्वेष, हर्षजस्ता मानवीय संवेग उत्पन्न गराउने कारकको रूपमा लाहुरी भैँसी नै हो। लुखुरेले लाहुरी भैँसी भित्र्याएकै कारण लुखुरेकी श्रीमती घैँटी र छोरो

पोडेमा हर्ष छाएको छ भने द्वारेबा र अन्य छिमेकीहरूमा  रिस, प्रतिस्पर्धा र षडयन्त्रको योजना बनेको छ। लुखुरेले लाहुरी भैँसीबाटै आफ्नो उज्ज्वल भविष्यको कल्पना गरेको छ भने छोरो पोडेले दूध खानेमात्र नभइ दूध बेचेर आएको पैसाबाट राम्रो नाना लाउन पाउने विश्वास राख्दै यस्तो भाव व्यक्त गरेको छ।

बा हाम्रो भैँसी ल्याएको हो ? हो बा ? ए गोपे हेर, हाम्रो बाले ल्याएको भैँसी त हो नि !भरे त यति ढुङ्ग्रोभरि दूध दिन्छ, बाबै। अनि मोही पार्ने। अनि धेरै घ्यु सहराँ लगेर बेचेर हाम्लाई राम्रो दौरा किन्ने !किन्ने हगि बा हगि भन्या...?(विकल, २०७५, पृ.५०)

यसैगरी सधैँ श्रीमानसँग झगडा गर्ने दुर्मुखा घैँटीमा पनि लाहुरी भैँसीको आगमनपछि श्रीमानसँग गर्ने व्यवहारमा परिवर्तन आएको छ। लाहुरी भैँसीकै कारण परिवारमा छाएको खुसी द्वारेबाको षडयन्त्रका कारण किनेको दाममा घटाएर आफ्नो बनाएपछि लुखुरेका परिवारमा एकाएक शून्यता छाएको छ। लाहुरी भैँसीको कारण देवीस्वरूपभएको घैँटी पुन: रिस र आवेगले जलेकी छ। भैँसीकै कारण फुरुक्क परेको पोडे लाहुरी भैँसी द्वारेबाको आँगनमा पुगेपछि निराश भएको छ। भैँसी  आफ्नो बनाउन  षडयन्त्रको जालो फिँजाएका द्वारेबाले आफ्नो आँगनमा भैँसी ल्याएपछि शान्तिको श्वास फेरेको छ। लुखुरेकै स्तरका द्वारेबाका आसेपासेहरू लुखुरेको भैँसी द्वारेबाको आँगनसम्म पुऱ्याउनका लागि भैँसीमा खोट भएको पुष्टि गर्नमा तल्लीन छन्। लाहुरी भैँसी लुखुरे र उसको  परिवारको उन्नतिको कारक हो।  कथाका सम्पूर्ण पात्र, परिवेश र घटनाहरू लाहुरी भैँसीकै केन्द्रीयतामा अडिएको र कथाको शीर्षक र भावको बिचमा तालमेल भएकाले यस कथाको शीर्षक 'लाहुरी भैँसी' सार्थक रहेको छ।

## निष्कर्ष

कथाका आन्तरिक तत्त्वहरूको संयोजन र रूपविन्यासको ढाँचा नै कथाको रचनाविधान हो। कथावस्तु, चरित्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीजस्ता तत्त्वको संयोजन भएपछि  कथाको संरचना तयार हुन्छ। सहित्यिक कृतिको संरचना रूप हो भने संरचना निर्माण हुन आवश्यक पर्ने सूक्ष्म तत्त्वहरूको मेल नै रूपविन्यास हो। कथाको रूपविन्यास भाषा र शैलीबाट निर्धारित हुन्छन्। रूपविन्यासअन्तर्गत पदविन्यास, वाक्यविन्यास, बिम्ब, प्रतीक, शीर्षक आदि पर्दछन्। प्रस्तुत 'लाहुरी भैँसी' कथामा शोषक वर्गको प्रतीकका रूपमा द्वारेबा र शोषित वर्गको प्रतिनिधिको रूपमा लुखुरेलाई छनोट गरी वर्गसङ्घर्ष र मानवीय मनोदशाको सूक्ष्म विश्लेषण गरिएको छ। कथाको विषयवस्तुमात्र प्रभावकारी नभई  संरचनात्मक र कलात्मक संयोजन उचित रूपमा गरिएकाले  कथाको रचनाविधान  सबल र व्यवस्थित  रहेको छ। कथाको वुनोट  आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा रहेको छ।  ग्रामीण परिवेशको जीवन्त चित्रण, पात्रअनुकूलको सरल र सहज भाषा, लघु संवाद तथा स्थानीय भाषा, उखानटुक्का र थेगोको कलात्मक संयोजन गरिएको प्रस्तुत कथामा वर्णनात्मक र संवादात्मक शैलीको कुशल मिश्रण नै कथाको संरचनात्मक विशेषता हो। समाजमा घट्ने घटनालाई आधार बनाएर रचना गरिएको कथामा लुखुरेजस्ता शोषक वर्गबाट पीडित पात्रप्रति सहानुभूति र द्वारेबाजस्ता गलत प्रवृत्तिका व्यक्तिप्रति घोर निन्दा गरी समाज परिवर्तनको आग्रह गरिएको लाहुरी भैँसी कथाको  संरचना र रूपविन्यासको उचित संयोजन गरिएकाले रचनाविधानका  दृष्टिले 'लाहुरी भैँसी' कथा अत्यन्तै महत्वपूर्ण रहेको छ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, गंगाप्रसाद.(२०२०). लाहुरी भैँसी कथामा समाख्यान विश्लेषण. वेभ : https://www.samakalinsahitya.com/sahitya/details/6821

अवस्थी, महादेव. (सम्पा.) (२०५५), *नेपाली कथा भाग- २*(छैटौँ संस्क.), साझा प्रकाशन।

आचार्य, नरहरि. महादेव अवस्थी र देवीप्रसाद गौतम.(सम्पा.)(२०६७), *नेपाली कथा भाग-१*( नवौँ संस्क.), साझा प्रकाशन।

कोइराला, नरेन्द्रप्रसाद.(२०२०).लाहुरी भैँसी कथामा शक्तिसम्बन्ध वेभ: https://www.nepjol.info/index.php/JMCRJ/article/view/51303

गैरे, ईश्वरीप्रसाद.(२०६३), *आधुनिक नेपाली आख्यान.* क्षितिज प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु.(२०६९), *नेपाली कथाको इतिहास*, नेपाल प्रज्ञाप्रतिष्ठान।

पौडेल, नवराज.(२०२१). लाहुरी भैँसी कथाको कथानक र पात्रमा वर्गसङ्घर्ष. वेभ:- https://www.samakalinsahitya.com/sahitya/details/7027

बराल, ऋषिराज र घिमिरे, कृष्णप्रसाद(सम्पा.)(२०६१ ), *नेपाली कथा भाग- ३*(तेस्रो संस्क.), साझा प्रकाशन।

लम्साल, रामचन्द्र. रामप्रसाद भट्टराई र श्रीप्रसाद कँडेल(२०६९), *नेपाली कथा र उपन्यास*( दोस्रो संस्क.), शुभकामना प्रकाशन।

विकल, रमेश.(२०७५), *नयाँ सडकको गीत*, मञ्जरी प्रकाशन।

श्रेष्ठ, दयाराम. (सम्पा. ) (२०५७), *नेपाली कथा भाग४,* साझा प्रकाशन।

श्रेष्ठ, दयाराम.(सम्पा. ) (२०६०), *नेपाली कथा भाग ४*, साझा प्रकाशन।

शर्मा, मोहनराज.(२०६३), *समकालीन समालोचना: सिद्धान्त र प्रयोग* (दोस्रो संस्क.), अक्सफोर्ड इन्टरनेशनल प्रकाशन।

❋❋❋